# बुटवल पावर कम्पनी लिमिटेड
# २५औं वार्षिक साधारण सभाको सूचना

मिति २०७४।१२।२५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २५औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>साधारण सभा हुने मिति, स्थान र समय :</u>**

मिति : २०७५ जेष्ठ ८ गते ।
स्थान : कार्की ब्याङक्वेट, ववरमहल काठमाण्डौं ।
समय : बिहान १०:०० बजे ।

**<u>छलफलका विषयहरू :</u>**

**(क) सामान्य प्रस्तावहरूः**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०७३/०७४ को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको आ.ब. ०७३/०७४ को खुद मुनाफाबाट चुक्ता पूंजीको २०% (बीस प्रतिशत) नगद लाभांश बितरण गर्ने ।
५. विविध ।

**(ख) विशेष प्रस्तावः**

६. कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फवाट दुई जना संचालकहरूको प्रतिनिधित्व हुने गरी कम्पनीको नियमावलीको नियम १६(क)(ख)(ग) संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
*(नोटः हालै सम्पन्न नयाँ निष्काशनका लागि प्रकाशित विवरणपत्रमा उल्लेख भए वमोजिम सर्वसाधारण शेयरधनीहरूको तर्फवाट २ जना संचालकहरू निर्वाचित हुने व्यवस्था गर्नका लागि संचालक समितिमा शेयरधनीहरूको समूह क (नेपाल सरकार समेत) वाट १ जना, समूह ख (सांग्रिला इनर्जि लि. समेत) वाट ४ जना र समूह ग (सर्वसाधारण) वाट २ जना तथा स्वतन्त्र संचालक २ गरी जम्मा ९ जना संचालकहरू रहने गरी प्रस्ताव गरिएको छ ।)*

**<u>साधारण सभा सम्बन्धी सामान्य जानकारी:</u>**

१. उक्त साधारण सभाको लागि कम्पनीको शेयरधनी दर्ता किताव मिति २०७५।१।२७ गते देखी २०७५।२।८ गते सम्मका लागि बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिनेछ । सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन पुस्तिका कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौं तथा शेयर रजिष्ट्रार श्री एन.एम.वि. क्यापिटल लि., नागपोखरी, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc. com.np मा हेर्न सकिने छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

५. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः बदर हुनेछ । तर त्यस्तो जानकारी हाजिर पुस्तिका खुल्ला रहने अवधी भित्रै दिनुपर्ने छ नदिएमा प्रोक्सीनै कायम हुनेछ ।

६. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ८:०० वजे देखि १०:०० वजेसम्म खुल्ला रहने छ । शेयरधनी नं. वा डिम्याट खाता नं.को आधारमा हाजिरी गर्ने व्यवस्था गरिएको छ । हाजिरी गर्नका लागि शेयरधनीले आफ्नो परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

७. शेयरधनी कुनै संगठित संस्था वा कम्पनी भएमा त्यस्तो शेयरधनीले आफ्नो पदाधिकारी वा कर्मचारीलाई प्रतिनिधी नियुक्त गरी साधारण सभामा भाग लिन सक्नु हुनेछ र प्रतिनिधी नियुक्त गरेको पत्रमा सो नियुक्त हुने पदाधिकारी तथा कर्मचारीको पद समेत स्पष्टरूपमा उल्लेख गरेको हुनु पर्नेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

९. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि., नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले<br>
कम्पनी सचिव